जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८० २०७८ साल फागुन ४ गते बुधबार (16 Feb. 2022 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : सुर्ती खेतीबाट आम्दानी.. ३ पृष्ठमा : बाल क्यान्सरका बिरामीमध्ये ... ३ पृष्ठमा :युक्रेन छाड्ने अमेरिकीहरूका..

# छोरीहरूलाई ल्यापटप बाँड्ने योजना : मुख्यमन्त्री राउत



**दैनिक समाचारदाता**
**जनकपुर, ३ फागुन ।**

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारले 'बेटी पढाउँ बेटी बचाउँ', छोरी बीमा कार्यक्रमलाई पुनः छिट्टै सञ्चालन गर्ने तयारी भइरहेको बताएका छन् । उनले यसवर्ष छोरीहरूलाई ल्यापटप समेत बाँड्ने योजनासमेत रहेको जानकारी दिएका छन् ।

प्रदेश सरकारको चार वर्षे कार्य उपलब्धि मंगलबार सार्वजनिक गर्दै उनले प्रदेशको समग्र विकासलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले काम गरिरहेको बताए । मुख्यमन्त्री राउतले सामाजिक रुपान्तरण, महिला, दलितलगायतका उत्पीडित वर्गको सशक्तिकरण, सुशासन कायम गर्न र भौतिक पूर्वाधार विकासलाई उच्च प्राथमिता दिएको जानकारी दिए ।

चार वर्षका अवधिमा ४४ विधेयेक प्रदेशसभाबाट पारित गराइ ऐन, कानुन र निर्देशिका बनाउने कार्य भइरहेको उनले बताए । मुख्यमन्त्री राउतले दलित तथा उत्पीडित वर्गको राज्यका हरेक अङगमा पहुँच पुऱ्याउने उद्देश्यले दलित सशक्तिकरण ऐन बनाइ दलित विकास समितिसमेत गठन गरिएको उल्लेख गर्दै उत्पीडित वर्गको राज्यमा पहुँच नभएसम्म प्रदेश समृद्ध हुन नसक्ने भएकाले दलित सशक्तिकरण ऐन ल्याएको दाबी गरे ।

मुख्यमन्त्री राउतले जनसङ्ख्याका आधारमा महिलाको प्रतिनिधित्वका लागि राज्यको हरेक अङ्गमा आरक्षणको व्यवस्था गरिएकाले अबको केही वर्षभित्र प्रदेशका सबै अङ्गमा महिलाको प्रतिनिधित्व बढ्ने दाबी पनि गरे । उनले शिक्षा, स्वास्थ्य क्षेत्रको विकासलाई उच्च प्राथमिता दिइएको र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्यसम्बन्धी शैक्षिक कार्यक्रमलाई अघि बढाइसकेको, प्रदेश प्राविधिक विश्वविद्यालय र कृषि विश्वविद्यालयले पनि छिट्टै कार्यक्रम अघि बढाउने जिकिर गरे ।

उनले नीति तथा योजना आयोग गठन गरी आवश्यक काम भएको जानकारी दिँदै प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्नाको काम अघि बढाउन नसकेको कुरालाई प्रदेश सरकारले गम्भीर रूपमा लिएको बताए । उनले छिट्टै निर्देशिका तयार पारेर प्रदेश लोकसेवा आयोगमार्फत कर्मचारी भर्नाको कार्य अघि बढाउन प्रदेश सरकार प्रतिबद्ध रहेको जानकारी दिए । कला, संस्कृतिको संरक्षण र संवर्द्धन गर्न प्रदेश सरकार सधैं तत्पर रहेको जनाउँदै मुख्यमन्त्री राउतले छिट्टै प्रदेशमा प्रज्ञा प्रतिष्ठान गठन गर्ने तयारीमा जुटेको जनाए ।

कृषि क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेकाले किसानको ऋणको ब्याज मिनाहा गर्ने, मलखाद तथा बिउबिजनमा

***बाँकी अन्तिम पृष्ठमा***

# बोक्सी भन्दै कुटपिट गरेर फरार अभियुक्त ११ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

एक महिलालाई बोक्सीको आरोपमा कुटपीट गरी फरार भएका एक अभियुक्तलाई प्रहरीले ११ वर्षपछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको राजगढ गाउँपालिका २ का रामविलास यादव रहेका छन् । ११ वर्षअघि उनले आफ्नो छिमेकी सरस्वती देवी खंगलाई बोक्सी भन्दै कुटपिट गरेका थिए । घट्ना लगत्तै फरार भएका उनी घरमै लुकी बसेको गोप्य सुचना आएपछि खटेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

प्रहरीले सोमवार राती यादवलाई घरबाटै पक्राउ गरि मंगलवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराए पश्चात् कैद भुक्तानका लागी राजविराज कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार बोक्सी भन्दै कुटपीट गरेको आरोपमा चलाइएको मुद्दा उपर सुनवाई गर्दै २०६७ माघ १८ गते सप्तरी जिल्ला अदालत र २०७१ साल मंसिर २९ गते तत्कालिन पुनरावेदन अदालत राजविराजले यादवलाई तिन महिना कैद र १० हजार रुपैया जरिवानाको फैसला गरेको थियो ।

बोक्सा वा बोक्सीको आरोप लगाउने, कुटपीट गर्ने वा कुनै अमानविय व्यवहार गर्नेलाई तीन महिना देखि २ वर्ष सम्म कैद वा ५ हजार देखी २५ हजार सम्म जरिवाना वा दुबै सजाय हुन सक्ने कानुनी व्यवस्था छ ।

# एमसिसीमा सबै दलको समर्थन हुने प्रधानमन्त्री देउवाको विश्वास

काठमाडौँ, ३ फागुन (रासस) ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) का पक्षमा सबै राजनीतिक दल एक ठाउँमा उभिएर संसद्बाट अनुमोदन हुने विश्वास व्यक्त गर्नुभएको छ ।

कांग्रेस संसदीय दलको मंगलबार बसेको बैठकमा उहाँले कांग्रेससँगै सबै दलको सहयोगमा एमसिसी अनुमोदन हुने विश्वास व्यक्त गर्नुभएको कांग्रेस महामन्त्री गगनकुमार थापाले जानकारी दिनुभयो । एमसिसीसम्बन्धी प्रस्ताव तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले मन्त्रिपरिषद्बाट पारित गरी २०७६ साल असार ३० गते संसद्मा दर्ता गराएको र सो दलमा आबद्ध सबै सांसद हाल विभिन्न दलमा भए पनि एमसिसी प्रस्तावमा समर्थन हुने प्रधानमन्त्रीको विश्वास थियो ।

उक्त समयमा नेकपामा रहनुभका सांसदहरू हाल नेकपा ( एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीमा हुनुहुन्छ । सो प्रस्तावलाई तत्कालीन अवस्थामा प्रतिपक्षमा रहेको कांग्रेसले छलफलमा लगेर अनुमोदन गर्नुपर्ने धारणा व्यक्त गरेको थियो ।

प्रधानमन्त्री देउवाले कांग्रेस सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्को विचार व्यक्त गर्ने दल होइन, त्यसो गर्दा हामी अरू दलभन्दा फरक हुँदैनौं, यसको क्षणिक लाभहानि होला भनेर कांग्रेस आफ्नो कर्तव्यबाट च्यूत नहुने बताउनुभएको थियो । "ओली नेतृत्वको सरकारले संसद्मा दर्ता गराएको एमसिसी प्रस्ताव पारित गर्नुपऱ्यो भनेर हामी भनिरहेका छौं, तर त्यही दलका प्रमुख सचेतक विशाल भट्टराईले अहिले संसद्बाट एमसिसी अनुमोदन गर्ने षडयन्त्र भइरहेको छ भन्ने कुराले मलाई उदेक लागेको छ," प्रधानमन्त्री देउवालाई उद्धृत गर्दै महामन्त्री थापाले भन्नुभयो ।

प्रधानमन्त्री देउवाले सभामुख अग्निप्रसाद सापकोटासँग परामर्श गरेको आधारमा भोलि फागुन ४ गते बस्ने प्रतिनिधिसभा बैठकमा एमसिसीसम्बन्धी प्रस्ताव टेबल हुने विश्वास व्यक्त गर्नुभएको थियो । बैठकले एमसिसीसम्बन्धी प्रस्ताव तत्काल संसद्मा टेबल गरेर अनुमोदन प्रक्रिया अघि बढाउन माग गर्ने निर्णय गरेको छ । साथै बैठकले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दल सो प्रस्तावको पक्षमा उभिने विश्वास व्यक्त गरेको महामन्त्री थापाले बताउनुभयो ।

बैठकले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्धको महाअभियोग प्रस्ताव पारित गर्नका लागि कांग्रेसले हस्ताक्षरकर्ताबाहेक अन्य दलसँग संवाद र अनुरोध गर्ने निष्कर्ष निकालेको छ । कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका ९८ जना सांसदहरूले आइतबार सो महाअभियोग संसद्मा दर्ता गराउनुभएको थियो ।



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# एमसिसी राष्ट्रहितमा छ, अनुमोदन गर्नुपर्छ : कांग्रेस नेता डा महत

काठमाडौँ, ३ फागुन (रासस)।

सत्तारूढ दल नेपाली कांग्रेसको संसदीय दलको बैठकमा सांसदहरूले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)का पक्षमा आफ्ना धारणा राखिरहनुभएको छ। सङ्घीय संसद् भवन, नयाँ बानेश्वरस्थित ल्होत्से हलमा बिहानदेखि सुरु भएको बैठकमा एमसिसी नेपालको पक्षमा रहेको र यसले आर्थिक विकासमा सहयोग पुग्ने भएकाले यसलाई संसद्बाट अनुमोदन गर्नुपर्ने भनाइ सांसदहरूको भनाइ रहेको पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका नेता डा रामशरण महतले पत्रकारहरूलाई जानकारी दिनुभयो।

बैठकमा आफ्नो धारणा राखेर बाहिरिनुभएका नेता डा महतले सञ्चारकर्मीहरूसँगको सङ्क्षिप्त प्रतिक्रियामा भन्नुभयो, "एमसिसीका विरुद्ध भ्रम फैलाइएको छ, यो कुनै सैन्य रणनीतिअन्तर्गत छैन, ती सबै अफवाह मात्र हुन्, मैले यही कुरा राखेँ र अरू साथीहरूले पनि यसै विषयमा धारणा राखिरहनुभएको छ।"

उहाँले एमसिसी परियोजनालाई राष्ट्रहित विपरीत भनेर दुष्प्रचार गरिएको भन्दै यसका विरुद्धको भ्रम चिर्न आवश्यक रहेको पनि बताउनुभयो। उहाँले यो परियोजना राष्ट्रहितमा रहेकाले अनुमोदन गर्नुपर्ने पनि बताउनुभयो।

साथै उहाँले बैठकमा एमसिसीविरुद्धका भ्रम चिर्न आफ्ना पार्टीका सांसदहरूलाई आग्रह गरेको पनि जानकारी गराउनुभयो।

नेता डा महतले एमसिसी इन्डो प्यासेफिकअन्तर्गत नभई विशुद्ध विकास परियोजना भएको पनि बताउनुभयो। उहाँले एमसिसीलाई अनुमोदन गर्न ढिलाइ गर्न नहुने बताउँदै प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही समयअघि एमसिसी कार्यालयलाई पत्र लेखेर संसद्बाट अनुमोदन गर्न समय माग गरेकाले सोही अनुसार यही फागुन १६ गतेभित्र अनुमोदन गरिसक्नुपर्नेमा जोड दिनुभयो।

नेता महतले आफ्नो भनाइ राखेपछि बोल्ने सांसदहरूले पनि एसिसीको पक्षमा धारणा राखेको जानकारी पत्रकारहरलाई दिनुभयो।

# सुर्ती खेतीबाट आम्दानी बढाउँदै किसान

महोत्तरी, ३ फागुन (रासस)।

जिल्लाको मध्यक्षेत्रका किसान अहिले सुर्ती खेतीबाट आफ्नो जीवनस्तर उकास्दैछन्। केही वर्षपहिलेसम्म हातमुख जोर्ने समस्या हुँदै आएका बलवा नगरपालिकाका किसानले सुर्ती खेतीमा लागेपछि आर्थिक अवस्थामा सुधार भएको बताएका हुन्। अहिले यस नगरपालिकामा गाभिएका यसअघिका पडौल, बदियाबन्चौरी, बनौटा र धमौरा गाविस क्षेत्र सुर्ती खेतीका लागि उर्वर बन्देछ। यो चुरोट बनाउने नभएर चुनामा मोलेर खाने सुर्तीको खेती हो।

एक दशकअघिसम्म परम्परागत अन्न बाली मात्र लगाउँदा अपेक्षित उत्पादन नभएर जीवन धान्न धौधौ परेपछि किसानले वैकल्पिक खेतीका रूपमा सुर्तीलाई रोजेका हुन्। सुर्ती खेती गर्न लागेपछि घरको गुजारा चलाउन सहज हुनाका साथै नगद पनि सञ्चय गर्न थालिएको यहाँका किसानको भनाइ छ। कम सिँचाइमा पनि बढी उत्पादन लिन सकिने र भण्डारण एवम् प्याकिङको काम गर्न घरका परिवारले भ्याउने भएपछि सुर्ती खेतीलाई प्रमुख बालीको रूपमा स्थान दिइएको पडौलका राजकिशोर यादव बताउनुहुन्छ। रोप्ने र गोड्नेबाहेक अन्य काममा श्रमिक नपाउँदा पनि खेतीमा खासै अप्ठ्यारो नपरेको उहाँको भनाइ छ।

"रोप्ने र गोड्ने बेलामा चाँही श्रमिक चाहिन्छ, त्यतिखेर भ्याइनभ्याई पर्छ," यादव भन्नुहुन्छ, "यो खेतीमा सुकेका पात छिमल्ने, काट्ने, पात चुँड्ने, सुकाउने, सुकेका पात वर्गीकरण गर्ने र कल्ली बाँध्ने काम परिवारकै सदस्यहरूले गर्न भ्याउन्छन्, त्यसैले त्यो काम उतार्न त्यति सकस पर्दैन।"

यादव, कोइरी, मुसलमान र पासवान जाति र समुदायको बसोबास भएको यी बस्तीमा सुर्ती खेतीबाट मनग्य आम्दानी हुन थालेपछि नानीहरूको शिक्षादीक्षामा पनि अभिभावकले ध्यान दिन थालेका छन्। यसअघि शिक्षादीक्षाको कुरामा निकै पछि परेका मुसलमान र पासवानका परिवारले पनि अब छोराछोरी पढाउन थालेका धमौरा बस्तीका हासिम कवारी बताउनुहुन्छ। अहिले यी बस्तीका विद्यालयमा मुसलमान, पासवान जाति र समुदायका नानीहरू उल्लेख्य सङ्ख्यामा पढ्न थालेका धमौरा बस्तीकै एक विद्यालयका पूर्वप्रधानाध्यापक सुशीलकुमार यादवको भनाइ छ।

धमौरामा करिब ५० बिघाको हाराहारीको जग्गामा सुर्ती खेती हुने गरेको छ। त्यसैगरी नगरक्षेत्रका पडौल, तीलगढ, बदियाबन्चौरी, अधियानपुर, रौजा, बनौटा, भगवतीपुर र सरञ्चियासहित बस्तीमा बिघौबिघामा सुर्ती खेती लगाइएको देखिन्छ। प्रतिकट्ठा १२५ किलोसम्म उत्पादन हुने सुर्तीबाट राम्रो भाउ पाउँदा एक कट्ठाबाटै रु २५ हजारसम्म आम्दानी भएको धमौराकै वासुदेव पासवान बताउनुहुन्छ। भाउ केही खस्कँदासमेत रु २० हजारभन्दा नघटेको सम्बद्ध किसानको भनाइ छ। बलवा नगर क्षेत्रमा करिब १५० बिघाको हाराहारीमा सुर्ती खेती भइरहेको अधियानपुरका अमानुल्ला शेषको भनाइ छ।

खेती गर्नेको सङ्ख्या र क्षेत्रफलसमेत बढ्दै गएपछि भारतीय व्यापारी घरमै आएर सुर्ती किन्न थालेका छन्। यसले बजार खोज्ने झन्झट नभएको ती किसान बताउँछन्।

पछिल्ला दुई वर्षयता भने कोरोनाको महामारीले भारतीय व्यापारीको चहलपहल घट्दा भाउ खस्केको किसानको गुनासो छ। "भारतीय व्यापारीको सहज आवागमन हुँदा यतैका व्यापारीले पनि राम्रै भाउ दिन्छन्," बनौटाका श्रीनारायण महतो भन्नुहुन्छ, "उता (भारत)का व्यापारीको चहलपहल घट्दा यताकाले भाउमा अलि दङ्ग्याउँछन्।"

पछिल्ला दिनमा यी बस्तीको देखासिकीबाट छिमेकका लोहारपट्टि, भङ्गाहा र मनराशिव नगरपालिकाका दर्जनौँ बस्तीमा सुर्ती खेती गर्ने किसान ह्वात्तै बढेका छन्। सुर्तीको खेती व्यापक बढ्दै गए पनि कृषि विभागबाट कुनै रायसल्लाह, प्राविधिक सहयोग, परामर्श र अन्य अवसर नपाएको किसानको गुनासो छ।

यता जिल्ला सदरमुकाम जलेश्वरस्थित कृषि ज्ञान केन्द्रले भने किसानहरू बीउबिजन र अन्य कुनै परामर्श सहयोगका लागि आफ्नो कार्यालयमा सम्पर्कमा नआएका जनाएको छ। यद्यपि किसानले रोजेका खेतीमा अब स्थलगत अनुगमन गरेर के सहयोग दिन सकिन्छ ? त्यसका लागि ती क्षेत्रमा कृषि प्राविधिक खटाइएको उक्त केन्द्रले बताएको छ।

पछिल्लो समयमा सुर्ती खेतीबाट आम्दानी बढे पनि आफ्नो उत्पादन भारतीय बजारमै आश्रित रहेको किसानको भनाइ छ। उत्पादनको मूल्यमा समेत आफूहरूको इच्छा, सहभागिता र परामर्श नरहने हुँदा यो सबै भारतीय व्यापारीमा भर पर्नुपर्ने स्थिति रहेको बनौटाका किसान जगतनारायण महतोको गुनासो छ। आफ्नो जिल्लामा यसको बजार नरहेको र उत्पादित वस्तु लिनेदिनेबारे कुनै कबुलियत नबन्ने हुँदा मुख्यतः भारतीय व्यापारीको दयामायामा नै सुर्ती बिक्रीको कुरा निर्भर रहेको उहाँको भनाइ छ।

# त्रिविमा डेढ सय दिन तालाबन्दी : शैक्षिक क्यालेन्डर पालना गर्न चुनौती

काठमाडौँ, ३ फागुन (रासस)।

त्रिभुवन विश्वविद्यालले कोराना महामारीको क्रममा भएका बन्दाबन्दीको अलावा चालु शैक्षिक सत्रको गत पुससम्ममा झण्डै डेढ सय दिन तालाबन्दीको मार खेपेको छ। विभिन्न विद्यार्थी तथा प्राध्यापक सङ्घसङ्गठनका नाममा उक्त अवधिमा जम्मा १४९ दिन विश्वविद्यालयमा तालाबन्दी भएको छ। गत माघ ६ गतेदेखि हालसम्म एउटा विद्यार्थी सङ्गठनले इकाइ समितिको नामबाट र गत हप्तादेखि आंशिक शिक्षकका नाममा तालाबन्दी कायमै छ।

तिनै तालाबन्दी गर्ने समूहले त्रिविको शैक्षिक क्यालेन्डर निश्चित नभएको, परीक्षाको नतिजा समयमा प्रकाशन नभएको र त्रिविको गुणस्तर खस्कँदै गएको भन्दै विरोध गरिरहन्छन्। विश्वविद्यालयमा निरन्तर तालाबन्दी गराइनुका साथै पदाधिकारीका कुर्सी जलाउने, तोडफोड गर्ने र आफ्नै दैवतुल्य गुरुलाई अशिष्ट व्यवहार गर्ने मात्र नभएर विश्वविद्यालय परिसरमा मरणासन्न हुने गरी साङ्घातिक हमला गरी आफ्ना गुरुलाई अपाङ्ग बनाउने कार्य पनि सो विश्वविद्यालयमा भएको छ।

विश्वविद्यालयले प्रधानमन्त्री एवं त्रिविका कुलपति, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति र तालाबन्दी गर्ने विद्यार्थी सङ्गठनको केन्द्रीय नेतृत्व समेतलाई विशेष आग्रह गर्दै आएको छ। यसको अलावा गत हप्ता आंशिक शिक्षकका नाममा लगाइएको तालाबन्दीलाई सम्बोधन गर्न पूर्वगठित वार्ता समितिलाई जिम्मा दिएको छ।

आंशिक शिक्षकको समस्यालाई समाधान गर्न पहिले जारी गरेका प्रतिबद्धताअनुरुप त्रिवि आंशिकलाई सम्बन्धित क्याम्पसबाटै आन्तरिक व्यवस्थापन गर्दै जाने, सेवा आयोगद्वारा नियमित विज्ञापन गरी आंशिकलाई स्थायी हुने अवसर प्रदान गर्दै जाने र २०७४ सालमा नेपाल सरकारले स्वीकृत गरेको एक हजार ४२० दरबन्दीलाई आवश्यक पर्ने आर्थिक स्रोतका लागि निरन्तर सरकारसँग पहल गरी आर्थिक स्रोत उपलब्ध हुनासाथ खुला प्रतिस्पर्धामार्फत आंशिक शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्ने विश्वविद्यालय नेतृत्वको प्रतिबद्धता छ।

तालाबन्दी र अनशनको आडमा वा तालाबन्दीको दबाबमा विश्वविद्यालयका पदाधिकारीलाई भौतिक, मानसिक र नैतिक दबाब दिई आंशिक शिक्षकलाई स्वतः करार सेवामा, करार सेवा प्रवेशपश्चात् स्वतः स्थायी वा आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी गर्ने परम्परालाई हालको त्रिवि नेतृत्वले अब उप्रान्त कदापि स्वीकार नगर्ने पनि स्पष्ट पारेको छ। मुलुकका ७६ जिल्लामा फैलिएको र उच्च शिक्षामा झन्डै ८० प्रतिशत भार बोकेको यो विश्वविद्यालय शिक्षा क्षेत्रमा गरेको योगदान, पहुँच र विस्तारका दृष्टिले अग्रणी मानिन्छ।

पदाधिकारी नियुक्तिको पाँच महिना नपुग्दै विश्वमा देखिएको महामारीको प्रकोप, देशैभरि लागू गरिएको बन्दाबन्दी, विद्यार्थी, शिक्षक, कर्मचारीमा उत्पन्न भएको त्रासका बाबजुद विश्वविद्यालयको पठनपाठनलाई वैकल्पिक विधिबाट निरन्तरता दिनु चुनौतीपूर्ण भए पनि हाल एकै समयमा दुई लाख ४१ हजार शिक्षक विद्यार्थी माइक्रोसफ्ट टिममा जोडिन सक्ने स्थिति निर्माण भएको विश्वविद्यालयले जनाएको छ।

"खुला प्रतिस्पर्धामार्फत आफूलाई अब्बल साबित गर्न खोज्ने, अनुसन्धानमा विशेष रुचि राख्ने, सृजनशील, लगनशील, अनुशासित शिक्षकलाई त्रिविले सदैव स्वागत गर्दछ", त्रिविका सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "निकट भविष्यमा नै देशको झन्डै ८० प्रतिशत उच्च शिक्षाको भार बोकेको त्रिविलाई हालको नेतृत्वले एक विशिष्टीकृत विश्वविद्यालयका रूपमा रुपान्तरण गरी यसको साखलाई अझ समृद्ध बनाउन लागिपरेको अवस्थामा प्रवेश परीक्षा र भर्ना प्रक्रिया, सेवा आयोगमार्फत दक्ष जनशक्ति छनोट प्रक्रियाका साथै विश्वविद्यालयको अन्तर्राष्ट्रियकरण एवं त्रिविलाई एक विशिष्टीकृत विश्वविद्यालयका रूपमा रुपान्तरण गर्ने कार्यमा नै असर गर्ने गरी अनावश्यक र असान्दर्भिक माग राखेर त्रिविमा निरन्तर तालाबन्दी गर्नुका पछाडिको उद्देश्यमा कतै प्राज्ञिकभन्दा भिन्नको तत्वले सक्रियता बढाइरहेको त छैन भन्ने गम्भीर आशङ्का पनि सिर्जना गरेको छ।"

विश्वविद्यालयले सुधारका लागि त्रिविले अघि सारेको यस कार्यलाई सार्थक रुप दिन र त्रिविमा बारम्बार हुने तालाबन्दीलाई सदाका लागि अन्त्य गर्न सबै विद्यार्थी सङ्गठन, प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ, विभिन्न वैचारिक सङ्गठन, नागरिक समाज, शिक्षाविद् र अधिकारकर्मीलाई अपिल गरेको छ।

त्रिविका वर्तमान पदाधिकारीले कार्यभार सम्हालेको सोमबार २८ महिना पुगेको सन्दर्भमा जारी विज्ञप्तिमा बढ्दो बौद्धिक चोरीलाई नियन्त्रण गर्न केन्द्रीय पुस्तकालयमा एन्टी प्लेजारिज्म सफ्टवेयर प्रयोगमा ल्याइएको लगायतका सुधारका काम सार्वजनिक गरिएको छ। उपलब्धिको विवरणमा विश्वविद्यालयले विद्यावारिधिको गुणस्तर बढाउन विश्वविद्यालय अनुदान आयोगले जारी गरेको कार्यविधि अनुरुपकै कार्यविधि तयार गरी लागू गरेको पनि जनाइएको छ।

"महामारीबाट सृजित चुनौतीको सामना गर्नु र १५ बुँदे त्रिवि सुधार योजनालाई सार्थक रुप दिनु त छँदै नै थियो, तर यसका अतिरिक्त कहिले विद्यार्थी सङ्गठनका नाममा, कहिले आंशिक प्राध्यापकका नाममा, कहिले वैचारिक प्राध्यापक सङ्गठनका नाममा विभिन्न माग राखी हाम्रा विश्वविद्यालयमा तालाबन्दी भइरहे।" विज्ञप्तिमा भनिएको छ, "वार्ताको माध्यमबाट हरेक समस्याको समाधान गर्नुपर्दछ भन्ने हाम्रो मान्यताअनुरुप विभिन्न चरणका तालाबन्दी खुलाउँदै आयौँ। यस्तो प्रतिकूल वातावरणमा त्रिविमा कायम कहालिलाग्दो बेरुजु फछ्र्यौट गर्न कार्यदल नै गठन गरी काम अगाडि बढाइरहेका छौँ।"

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बाल क्यान्सरका बिरामीमध्ये दुई तिहाई उपचारबाट वञ्चित

काठमाडौँ, ३ फागुन (रासस)।

नेपालमा अझै पनि बिरामीमध्ये दुई तिहाई बालबालिका क्यान्सर रोगको उपचारबाट वञ्चित हुन पुगेको बताइएको छ। आर्थिक अभाव र जनचेतनाको कारणले सो सङ्ख्यामा क्यान्सर भएका बालबालिका उपचारबाट वञ्चित भएको बताइएको हो।

कान्ति बाल अस्पतालका निर्देशक डा अजित रायमाझीले सबै अस्पतालमा आइपुग्ने सङ्ख्या जोड्दा अझै सो सङ्ख्यामा बालबालिका क्यान्सरको पूर्ण उपचारबाट वञ्चित रहेको बताउनुभयो। अहिले एक तिहाई मात्र उपचार गर्न आउँछन्। मंगलबार नेपालसहित विश्वभरि अन्तर्राष्ट्रिय बाल क्यान्सर दिवस मनाइँदै छ।

धेरै अभिभावकमा आफ्ना बालबालिकामा हुने क्यान्सर उपचारबाट निको पार्न सकिन्छ भन्ने चेतनाको कमी रहेको उहाँले बताउनुभयो। "क्यान्सरको उपचार खर्चालु छ, दुई-तीन वर्ष उपचार गर्नुपर्दछ र औषधि महँगो छ भनेर धेरै अभिभावकले बालबालिकालाई उपचार गराउन ल्याउँदैनन्", उहाँले भन्नुभयो, "अभिभावकलाई क्यान्सर रोग उपचार गरे निको हुन्छ र धेरै खर्च लाग्दैन भनेर चेतना जगाउनुपर्दछ।"

सरकारले बालबालिकाको क्यान्सर उपचारका लागि अस्पतालमा उपलब्ध कतिपय सेवा निःशुल्क गरेको छ। एक लाखसम्मको औषधि निःशुल्क उपलब्ध गराउँदै आएको छ। उहाँका अनुसार उपचार हुने अस्पतालमा पुगिसकेकामध्ये २० देखि ३० प्रतिशत आर्थिक अभावको कारणले उपचार नगरिकन वा उपचार बीचैमा छाडेर घर जाने गरेका छन्। नेपालमा वर्सेनि २५ हजार नयाँ क्यान्सर रोगी थपिने गरेकोमा तीमध्ये एक हजार ५०० बालबालिका रहने गरेका छन्। बालबालिकालाई रक्त, मस्तिष्क, रक्त ग्रन्थी (लिम्फोमा), आँखा र मिर्गौलाका टच्युमर जस्ता क्यान्सर लाग्ने गरेका छन्।

नेपालमा बालबालिकाको क्यान्सर कान्ति अस्पतालसँगै बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल, पाटन अस्पताल, तिलगङ्गा आँखा अस्पताल लगायतमा उपचार हुन्छ। कान्तिमा गतवर्ष २०० जना बाल क्यान्सरका बिरामीको उपचार भएको थियो। विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई बाल क्यान्सरसम्बन्धी विश्वव्यापी अभियानको फोकस राष्ट्रको रूपमा समेत सूचीकृत गरेको छ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा विष्णुदत्त पौडेलले बाल-क्यान्सर उपचार गरे ७० प्रतिशतलाई निको हुने बताउनुहुन्छ। क्यान्सरबाट जोगाउन बालबालिकाको उपचारमा पहुँच पुऱ्याउनुपर्छ। साथै उपचार केन्द्रलाई थप सुदढीकरण गर्नु आवश्यक रहेको उहाँ बताउनुहुन्छ।

पौडेलका अनुसार गतवर्ष भक्तपुर क्यान्सर अस्पतालमा एकदेखि चार वर्षसम्मका ४३, पाँच वर्षदेखि १४ वर्षसम्मका १६३ र १५ देखि १९ वर्षसम्मका २१४ जनाको उपचार भएको थियो। अस्पतालका निर्देशक डा पौडेलले बालिकाको पाठेघरमा हुने क्यान्सरको खोप लगाउन सके यो रोग नलाग्ने बताउनुहुन्छ। "अहिले हुने खानेले मात्र आफ्ना बालबालिकालाई पाठेघरमा हुने क्यान्सरको खोप लगाएका छन्", उहाँले भन्नुभयो, "सरकारले नै बालबालिकालाई पाठेघरमा हुने क्यान्सरविरुद्ध खोप लगाउन सके धेरै बालबालिका क्यान्सरबाट बच्न सक्ने थिए।"

यस्तै तिलगङ्गा आँखा अस्पतालका आँखा रोग विशेषज्ञ डा पूर्णिमा राजकर्णिकार बालबालिकाका आँखाको भित्री भागको पर्दाबाट पलाउने ( रेटिनोब्लास्टो) क्यान्सर बढी हुने गरेको बताउनुहुन्छ। पाँच वर्ष मुनिका बालबालिकालाई यस्तो समस्या हुने उहाँको भनाइ छ। उहाँका अनुसार यस्तो रोग १५ हजार बालबालिकामध्ये एक जनामा देखिन्छ। यसको ढिलो उपचार भएमा आँखाको सबै भागमा फैलिएर अन्धोपनजस्ता समस्या हुने भएकोले समयमा नै उपचार गर्नुपर्ने हुन्छ। तिलगङ्गामा वार्षिक ५० जना बालबालिकालाई रेटिनोब्लास्टो क्यान्सर हुने गरेको बताउनुहुन्छ।

यस्तै पाटन अस्पतालका बालरोग तथा क्यान्सर रोग विशेषज्ञ डा सुचारिका तुलाधरले अस्पतालमा दुई वर्षदेखि बाल क्यान्सरको उपचार गर्न थालिएको जानकारी दिनुभयो। अस्पतालमा ३० जनासम्म बाल क्यान्सर बिरामीको उपचार गरिएको छ।

कान्ति बाल अस्पतालले बाल क्यान्सरको उपचारमा संलग्न नर्सिङ स्टाफलाई तालिम दिएको छ। अस्पतालका नर्सिङ निरीक्षक इन्दु अधिकारी बस्नेत र स्टाफ नर्स बन्दना अधिकारीले भारतको क्रिश्चियन मेडिकल कलेजबाट तीन महिनको बाल क्यान्सरसम्बन्धी तालिम लिनुभएको छ। "यो रोगबारे जनेचतना जगाउने तथा बेलैमा उपचारका लागि अस्पताल पुग्न सके समस्या समाधान सहज हुनेछ", नर्सिङ निरीक्षक बस्नेत भन्नुहुन्छ। अस्पतालका निर्देशक डा रायमाझीले अस्पतालमा बालबालिकाको क्यान्सर बार्डका लागि पाँच शय्याको हाई डिपेन्डेन्सी युनिट (एचडियु) स्थापना गर्न तयारी गरिएको जानकारी दिनुभयो। नेपालले सन् २०३० सम्ममा बालक्यान्सर रोगीमध्ये ६० प्रतिशतलाई पूर्ण निको बनाउने लक्ष्य लिएको छ।

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा चार हजार १५७ विद्यालय छनोट

काठमाडौँ, ३ फागुन (रासस)।

सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा प्राप्त आवेदनका आधारमा देशभरका चार हजार १५७ सार्वजनिक विद्यालय छनोट गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा सोमबार भएको बैठकले सो छनोट गरेको हो। छानिएकामध्ये चारकोठे भवन ९७६, दुईकोठे भवन ९६६, आइसिटी ल्याब व्यवस्थापन दुई हजार १०६, प्राविधिक ल्याब ८८ र नयाँ प्राविधिक विद्यालय स्थापना २१ निर्माण गरिने भएको छ।

मन्त्री पौडेलका अनुसार चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय रु ३६ लाख, दुईकोठे भवन निर्माणका लागि रु १८ लाख, आइसिटी ल्याब व्यवस्थापनका लागि रु छ लाख ५० हजार, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २१ विद्यालयलाई रु ७० करोड ५९ लाख छ हजार, गत आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुट विद्यालयका लागि अनुदान १४ विद्यालयका लागि रु ३३ करोड ६० लाख र प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरनोन्नितका लागि अनुदान ८८ विद्यालयलाई रु ८८ करोड रकम छुटयाइएको छ।

राष्ट्रपति शैक्षिक सुधारका लागि रु सात अर्ब ८५ करोड ५१ लाख रकम छुटयाएको छ। विद्यालय छनोट गरी बाँकी रु एक अर्ब ३८ करोड रकम बाँकी रहेका स्थानीय तहका विद्यालयमा छुटयाइने शिक्षामन्त्री पौडेलले बताउनुभयो।

देशका ७३७ स्थानीय तहबाट १३ हजार ४७३ विद्यालयले प्रस्ताव पठाएका थिए। जसमा सात हजार ९८६ विद्यालयले भवन निर्माण, चार हजार २३५ विद्यालयले आइसिटी ल्याब, ११७ विद्यालय नयाँ प्राविधिक धार, प्राविधिक विद्यालय ल्याब व्यवस्थापन १८८ र घेराबार खेलमैदानमा ९४७ विद्यालयले आवेदन दिएका थिए।

देशभरमध्ये प्रदेश नं १ मा सबैभन्दा धेरै विद्यालयका भवन निर्माण हुने भएका छन्। प्रदेशगत वितरणअनुसार प्रदेश १ मा १९८ विद्यालयमा चारकोठे भवन, १७९ विद्यालयमा दुईकोठे भवन, ३४९ विद्यालयमा आइसिटी व्यवस्थापन, २४ विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा सात विद्यालय छनोट भएका छन्। यस्तै लुम्बिनी प्रदेशमा १९५ विद्यालयमा चारकोठे भवन, १३७ विद्यालयलमा दुईकोठे भवन, आइसिटी ल्याब व्यवस्थापनमा २८१ विद्यालय, प्राविधिक ल्याब १८ विद्यालयमा र नयाँ प्राविधिक विद्यालय स्थापना तीन विद्यालय छनोट भएका हुन्।

यस्तै मधेस प्रदेशमा १८० विद्यालयमा चारकोठे भवन, १९७ विद्यालयमा दुईकोठे भवन, २३५ विद्यालयमा आइसिटी ल्याब व्यवस्थापन, पाँच विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा चारवटा विद्यालय छनोट भएका छन्। सुदूरपश्चिम प्रदेशमा १४१ विद्यालयमा चारकोठे भवन, १७९ विद्यालयमा दुईकोठे भवन, २७० विद्यालयमा आइसिटी व्यवस्थापन, आठ विद्यालयमा प्राविधिक ल्याब र विद्यालयमा नयाँ प्राविधिकमा एक विद्यालय छनोट भएका छन्।

भूकम्पबाट प्रभावित बागमती प्रदेशका १४ जिल्लामा भवनका लागि बजेट नहालिएको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले जानकारी दिनुभयो। चितवनबाहेकका १४ जिल्लामा र मदरसा, गुरुकुल र भूकम्पबाट नबनेका विद्यालयमा चारकोठे भवन २२, दुईकोठे भवन १२, आइसिटी ल्याब ४९१, प्राविधिक ल्याब १८ र नयाँ प्राविधिक विद्यालय स्थापना चार छनोट भएका छन्।

यस्तै गण्डकीमा १३० विद्यालय चारकोठे, १२५ दुईकोठे, २५५ आइसिटी ल्याब, १३ प्राविधिक ल्याब छनोट भएका छन्। कर्णालीमा ११० विद्यालयमा चारकोठे भवन, १३८ मा दुईकोठे भवन, २२५ विद्यालयमा आइसिटी ल्याब, प्राविधिक ल्याब दुई र नयाँ प्राविधिक विद्यालय स्थापना दुई छनोट भएका छन्।

## 'प्रदेश नं १ को नाम 'विराट' हुनुपर्छ'

मोरङ, ३ फागुन (रासस)।

प्रदेश नं १ लाई विराट प्रदेश नामकरण गर्नुपर्ने राजवंशी समाज उत्थान समिति (विराट) ले सोमबार यहाँ माग गरेको छ। समितिको यही फागुन ६ गते हुने १५औँ बृहत् भेलापूर्व सोमबार यहाँ आयोजित गरिएको पत्रकार सम्मेलनमा विराट राजासँग जोडिएको विराट राजवंशीहरू पूर्वी नेपालको आदिवासी भएकाले यस क्षेत्रको सामूहिक पहिचानका लागि प्रदेशको नाम विराट हुनुपर्ने अन्यथा शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी दिइएको छ।

समितिका केन्द्रीय अध्यक्ष भुवनेश्र मण्डलले विराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत गर्नुपर्ने माग गर्नुभयो। समितिले विराट राजवंशीलाई राज्यको हरेक अङ्गमा स्थान सुरक्षित गर्नुपर्ने, यस समुदायलाई विराटनगरको प्रथम जातिका रूपमा घोषणा गर्नुपर्ने, प्रदेशसभा सदस्यमा यस जातिलाई समानुपातिक रूपमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, विराटनगर महानगरपालिका, कटहरी, जहदा बुढीगङ्गा, धनपालथान र ग्रामथान गाउँपालिका क्षेत्रलाई विराट राजवंशी स्वायत्त परिषद् बनाउनुपर्ने, यस समुदायको उत्थानका लागि प्रत्येक तह र अङ्गमा छुट्टै आरक्षणको व्यवस्था गनुपर्ने र विराटनगरको भेडियारीस्थित विराट दरबार क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि विराट राजवंशी समुदायको नेतृत्वमा पर्यटकीय क्षेत्रका रूरूपमा विकास गर्नुपर्नेलगायत माग सङ्घीय र प्रदेश सरकारले यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने उहाँले बताउनुभयो।

अध्यक्ष मण्डलले आफ्ना मागका सम्बन्धमा विगतमा जिल्ला प्रशासन कार्यालय मोरङमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाइएको जानकारी दिनुभयो।

# विश्व समाचार

## युक्रेन छाड्ने अमेरिकीहरूका लागि पोल्याण्डमा स्वागत केन्द्र खोलियो

वाशिंगटन (अमेरिका), ३ फागुन, (रासस-एएनआई/स्पुतनिक)।

संयुक्त राज्य अमेरिकाले युक्रेन छोड्ने अमेरिकी नागरिकहरूका लागि पोल्याण्डमा स्वागत केन्द्र खोलेको युक्रेनस्थित अमेरिकी दूतावासले जनाएको छ।

"अमेरिकी नागरिकहरूले अब युक्रेनसँगको भूमि सीमा पार गर्दै पोल्याण्डमा प्रवेश गर्न सक्छन् त्यसका निम्ति थप कुनै स्वीकृति आवश्यक पर्नेछैन।

हामी युक्रेनबाट स्थलमार्गबाट पोल्याण्डमा यात्रा गर्नेहरूलाई कोर्चोवा-क्राकोभेट्स वा मेडिका-शेहिनी सीमा नाकाहरू पार गर्न प्रोत्साहित गर्छौं, "दूतावासले भनेको छ, "अमेरिकी दूतावासले प्रवेश गर्ने अमेरिकी नागरिकहरूलाई सहायता प्रदान गर्न यी सीमा नाकाहरू नजिकै स्वागत केन्द्र खोलेको हो।

मिसनले अमेरिकीहरूलाई जतिसक्दो चाँडो युक्रेन छोड्न पनि आग्रह गरेको छ। युक्रेनमा रहेका अमेरिकी नागरिकहरूले व्यावसायिक वा अन्य निजी रूपमा उपलब्ध यातायात विकल्प प्रयोग गरेर तुरुन्तै युक्रेन छोड्नुपर्ने बताइएको छ।

## भारतमा २७ हजार नयाँ संक्रमित

नयाँ दिल्ली, ३ फागुन (रासस-एएनआई)।

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको छ।

सरकारी अधिकारीहरुले मङ्गलबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा २७ हजार ४०९ जना नयाँ सङ्क्रमित फेला परेका छन्।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या भने ८२ हजार ८१७ रहेको छ। एकै अवधिमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएकाहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएको छ।

अधिकारीहरुका अनुसार भारतमा अहिले कोरोनाभाइरसबाट सङ्क्रमितको सङ्ख्या चार लाख २३ हजार १२७ रहेको छ।

अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या भने चार करोड १७ लाख ६० हजार ४५८ रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

कोरोनाभाइरसका कारण भारतमा पछिल्लो एक दिनमा ३४७ जनाको मृत्यु भएको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन्।

## इरानले अफगानिस्तानमा इन्धन ट्रान्जिट लेन खोल्ने

काबुल (अफगानिस्तान), ३ फागुन, (रासस-एएनआई)।

इरानले अफगानिस्तानमा तेल र ग्यासको ट्रान्जिट ढुवानीलाई अनुमति दिने स्पुतनिक समाचार एजेन्सीले कार्यवाहक अफगान विदेशमन्त्रीले जनवरीमा तेहरानको भ्रमण पछिको सन्दर्भ उद्धृत गर्दै उल्लेख गरेको छ।

"वास्तवमा, अफगानिस्तानलाई थप तेल र ग्यास चाहिन्छ त्यसैले हामीले इरानसँग बैठक गऱ्यौँ र इरानी अधिकारीहरूले हामीलाई भने कि यदि हामी इरान हुँदै अन्य देशहरूबाट आयात गर्न चाहन्छौँ भने इरान आफ्नो क्षेत्रबाट पारवहन अनुमति दिन तयार छ," अमिर खान मुत्ताकीले एक अन्तर्वार्तामा उक्त कुरा उल्लेख गरेका छन्।

मुत्ताकीले इरानी अधिकारीहरूसँगको दुई दिनको बैठकलाई राम्रो र अफगान-इरानी सम्बन्धको अवस्था सन्तोषजनक रहेको पनि टिप्पणी गरेका छन्। उनले इरानसँग इन्धन आपूर्तिमा थप बैठकहरू गर्ने पनि जनाएका छन्।

## फ्रान्समा आगलागीमा सात जनाको मृत्यु

पेरिस (फ्रान्स), ३ फागुन, (रासस-एएनआई/स्पुतनिक)।

दक्षिणी फ्रान्सेली विभाग पाइरेनिस-ओरिएन्टलेसको एक भवनमा आगलागी हुँदा सात जनाको मृत्यु भएको फ्रान्सेली गृहमन्त्री गेराल्ड डार्मानिनले सोमबार बताएका छन्।

फ्रान्स ब्लु ब्रोडकास्टरका अनुसार घटना सोमबार बिहान भएको हो। आगो भुइँ तल्लामा रहेको एउटा किराना पसलमा फैलिएको र नजिकैका भवनहरूमा फैलिदा कम्तिमा ११ अपार्टमेन्टहरूलाई असर गरेको थियो।

आगलागीमा परी करिब ३० जना घाइते भएको बताइएको छ। मन्त्रीका अनुसार घटना बारे अनुसन्धान थालिएको छ।

# मजदुर संघ सप्तरीद्वारा मागहरु सुनुवाई नभएको भन्दै संघर्षका कार्यक्रम घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

अखिल नेपाल विद्युतीय रिक्सा अटो टेम्पो मजदुर संघ सप्तरीले गत माघ १८ गते नगरको समस्याहरु बारे विभिन्न ८ सुत्रिय माग राख्दै राजविराज नगरपालिका कार्यालयमा बुझाएको ज्ञापन पत्रको सुनुवाई नभएको भन्दै पुनः सोही माग राख्दै मंगलबार ध्यानाकर्षण पत्र बुझाएको छ ।

जिल्ला अध्यक्ष बिजेन्द्र प्रसाद देवले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र अखिल नेपाल ट्रेड युनियन महासंघसमेतलाई बोधार्थ गर्दै बुझाएको ध्यानाकर्षण पत्रमा पछिल्लो पटक बुझाइएको ज्ञापनपत्रप्रति नगरपालिकाले १५ दिनभित्र कारवाही गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म कुनै सुनुवाई नभएको भन्दै फागुन १० गतेदेखी संघर्षका कार्यक्रमहरु घोषणा गरेको छ ।

मजदुर संघले नगरको विभिन्न ठाउहरुमा स्टेण्ड कायम गर्न, राजविराज नगरक्षेत्रमा जताततै खुलेको फुटपाथ पसलहरुलाई व्यवस्थित गर्न, छाडा पशु चौपाया नियन्त्रण गर्न कान्जी हाउस संचालन, सडकका पेटीहरु गरिएको अतिक्रमणलाई खाली गराउन, घर निर्माणका लागि बाटोमै राखिएको सामाग्रिहरुका कारण आवतजावतमा कठिनाई भइरहेकोमा त्यसलाई खाली गराउन, बस पार्क संचालन गर्न, हटियास्थित निर्माण भइरहेको गिलेशनको समय सीमा भित्र निर्माण गर्न अटेर गरेका ठेकेदारमाथी कारवाही तथा राजविराजमा यातायत व्यवस्था कार्यालयको शाखा कार्यालय संचालन गर्न माग गरेको छ ।

सो मागहरु नगरपालिकाले कार्यान्वयन गर्न उदासिनता देखाएको भन्दै फागुन १० गते मसाल जुलुस प्रदर्शन, १२ गते राजविराज नगरपालिकामा धर्ना तथा १३, १४ र १५ गते नगर क्षेत्रमा पर्चा पम्प्लेट बितरण, नाराबाजी र भण्डाफोर अभियान गर्ने जनाइएको छ । त्यस्तै फागुन १६ गते पूर्णरुपमा सिटि रिक्सा, अटो रिक्सा हड्ताल गर्ने जस्ता संघर्षका कार्यक्रमहरु सार्वजनिक गरेको छ ।

### *छोरीहरूलाई ल्यापटप ...*

अनुदान दिने र सिँचाइका लागि आवश्यक योजना बनाएर कार्यान्वयनमा लगिसकेको मुख्यमन्त्री राउतले भनाइ थियो । यसका साथै उद्योगधन्दाको विकास र विस्तारका लागि आवश्यक निर्देशिका बनाएर सरकार अघि बढ्न चाहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री राउतले प्रदेशमा उद्योगग्राम बनाउने प्रयास भइरहेको समेत जानकारी दिए ।

कार्यक्रममा प्रदेश सरकारका आर्थिक मामिला योजनामन्त्री शैलेन्द्रप्रसाद साह, आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह, भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव, सामाजिक विकासमन्त्री नवलकिशोर साह, कृषिमन्त्री विजयकुमार यादव, खानेपानीमन्त्री ओमप्रकाश शर्मा, महिला बालबालिकामन्त्री वीरेन्द्र सिंहलगायतको समेत उपस्थिति रहेको थियो ।

## माईग्रेशन हराएको सूचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं ७ (साविक १) वस्ने रानी साहको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि सहयोग गरिदिन हुन अनुरोध छ ।
**नाम : रानी साह**
**ठेगाना : राजविराज ७, सप्तरी**
**मोवाइल नं. ९८४२८२३२११**

# सवारी ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादी चार वर्षपछि पक्राउ परेका छन् ।

विशेष सुचनाका आधारमा प्रहरीको टोलीले सोमवार साँझ राजविराज नगरपालिका ६ का ३३ वर्षीय ललन कुमार देवलाई पक्राउ गरेको हो । घरमै लुकी वसेको अवस्थामा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकरी दिएका छन् ।

अमरेन्द्र कुमार झाको जाहेरीले बादी नेपाल सरकारद्वारा देवमाथी २०७४ असार ५ गते चलाइएको सवारी ज्यान मुद्दा उपर सुनुवाइ गर्दै सप्तरी जिल्ला अदालतले ५ महिना कैद र २ हजार जरिवानाको फैसला सुनाएको थियो ।

घट्ना लगतै फरार भएका उनलाई पक्राउ पश्चात् अदालतमा उपस्थित गराइएको र आदेशानुसार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु, दुई गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ मा सोमबार राती ट्याक्टर दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने दुई जना गम्भिर घाइते भएका छन् ।

फलामे रड बोकेर अर्नाहाबाट पत्थरगाढा तर्फ फर्कदै गरेको स.१.त. ६१०८ नम्बरको ट्याक्टर सोमबार राती १० बजेतिर बीच बाटो मै पल्टिएर दुर्घटना हुदा २९ वर्षिय सन्तोष सदाको मृत्यु भएको हो । दुर्घटनामा परी गम्भिर घाईते भएका सदाको मंगलवार विहान उपचारको क्रममा स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा मृत्यु भएको छ ।

ट्याक्टर सडक भन्दा तल बजारिएपछी सोही वडाका २८ वर्षिय चालक श्रीप्रसाद मण्डल र १८ वर्षिय युवराज सदा गम्भिर घाईते भएका छन् । उनीहरुको पनि सोही अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।


# मधेस प्रदेशसभाको बैठक फागुन १० गते बस्ने

जनकपुर, ३ फागुन (रासस) ।

मधेस प्रदेशको प्रदेशसभाको बैठक फागुन १० गते मङ्गलवार बस्ने भएको छ । प्रदेशसभा सचिवालयले फागुन १० गते मङ्गलबार दिउँसो २ बजे बस्ने गरी प्रदेशसभाको बैठक आह्वान गरेको हो । आइतबार बस्ने भनिएको प्रदेशसभाको बैठक विशेष कारण देखाउँदै स्थगन गरिएको थियो ।

प्रदेशसभा बैठकमा प्रदेश सरकारद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि छलफल हुने प्रदेशसभा सचिवलायले जनाएको छ । गत माघ २६ गते बसेको प्रदेशसभाको बैठकमा प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सो सङ्कल्प प्रस्ताव पेश गर्नुभएको थियो ।

सो बैठकमा प्रदेशसभा सदस्य ज्ञानेन्द्रकुमार यादव, रवीन्द्र बैठा, जगतप्रसाद यादव, जैनुल राइन, परमेश्वर साह, शिवचन्द्र चौधरी, नरेशकुमार यादव, अभिराम शर्मा, किशोरी साह (कमल), रिना यादव, रामअशिष यादवलगायतले सरकारद्वारा ल्याइएको सङ्कल्प प्रस्तावमाथि आ-आफ्ना धारणा राख्नुभएको थियो ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाडाकुँडा प्रयोग गरौं ।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*